नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाइ, सर्लाही**
(कार्यक्षेत्र : सर्लाही र रौतहट)

फोन नं. ०४६-५२०४१६
इमेल:pmamp.piu.saralahi@gmail.com
वेभसाइटः- www.sarlahi. pmamp.gov.np

प.सं.: ०८०।०८१
च.नं. :

मितिः-२०८०।०७।२२

न्यूनतम समर्थन मुल्यमा धान खरिद र व्यवस्थापन गर्ने कार्यका लागि सूचिकृत हुने सम्बन्धी सूचना !!

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०/०३/२६ को निर्णयानुसार र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन एकाई, खुमलटार ललितपुरको प.सं.२०८०/८१, च.नं. ८४ मिति २०८०/०५/३१ को प्राप्त पत्रानुसार चालु आ.व. २०८०/०८१ का लागि मोटा धानको प्रति क्विन्टल रु.३१९८/- र मध्यम धानको प्रति क्विन्टल रु.३३६२/- न्यूनतम समर्थन मूल्य तोकिएकोले नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/७/०४ को निर्णयबाट स्विकृत "न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका २०७७" बमोजिम सर्लाही र रौतहट जिल्ला अन्तर्गतका कृषकहरुबाट उत्पादित धान न्यूनतम समर्थन मूल्यमा खरिद गर्ने सहकारी संस्थाहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित मिति २०८०/०८/२१ गते भित्र यस परियोजना कार्यान्वयन एकाईमा सूचिकृत हुन यो ३०(तिस) दिने सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

१. रु. १० को टिकट सहित निवदेन ।
२. सहकारी संस्था दर्ता तथा नवीकरण प्रमाणको प्रतिलिपी ।
३. गत आ.व.को कर चुक्ता प्रमाणपत्र र लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।
४. सम्बन्धित नगरपालिका/गाउँपालिका /वडा कार्यालयको सिफारिस पत्र ।
५. सहकारी संस्थाको शेयर पूँजि, कारोवार रकम र कार्यक्षेत्रको विवरण ।
६. धान खरिद गर्न चाहेको धानको परिमाण र किसिमको विवरण ।
७. धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरी इच्छुक क्षेत्रको विवरण ।
८. धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको श्रोतको विवरण ।
९. खरिद गरेको धान भण्डारण, प्रशोधन एवम् बजार व्यवस्थापन सम्बन्धी विवरण ।
१०. धान खरिद, ढुवानी भण्डारण तथा व्यवस्थापन, प्रशोधन एवम् बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, व्यवस्थापन सम्बन्धी विवरण र
११. धान खरिद विक्रिको लागि आवश्यक पर्ने अन्य विवरण ।

....................................
राम बलम प्रसाद साह
वरिष्ठ कृषि अधिकृत